प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा/तेह्रथुम

कोशी प्रदेश

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/११

दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/१२/१०

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुमको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८" र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोश्रो संशोधन) मापदण्ड, २०८०"** बमोजिम मागमा आधारित कार्यक्रममा सहभागी हुन इच्छुक धनकुटा तथा तेह्रथुम जिल्लाका कृषक/कृषक समुह/कृषि फार्म/उद्यमीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८०/०२६-५२२२८३ सम्पर्क केन्द्र तेह्रथुमको फोन नं. ०२६४६०१२७ मा सम्पर्क राख्न हुन वा कार्यालयको वेभसाईट vhlecdhankuta.p1.gov.npबाट कार्यक्रम कार्यान्वियन सम्वन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

<u>कार्यक्रमको विवरणः-</u>

| क.सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | | प्रति इकाइ उपलब्ध हुन सक्ने अनुदान | मापदण्ड |
|---|---|---|---|---|---|---|
| | | | धनकुटा | तेह्रथुम | | |
| १ | मागमा आधारित अनुदान कार्यक्रिम | संख्या | ३ | ३ | अधिकतम एक लाख वा ७५% ले हुन आउने रकम | हाल सम्म कुनै पनि कृषि तथा पशुपन्छी विकास कार्यक्रमबाट लाभ लिन नसकेका कृषक/कृषक समुह/कृषि फार्म/कृषि उद्यमीहरुले संचालन गरी रहेको व्यवसायलाई व्यवसायिक र दिगोरुपमा संचालन गर्न आवश्यक गर्न आवश्यक पुर्वाधार विकास, नविन प्रविधिमा आधारित उत्पादन सामग्री खरिद, उत्पादित वस्तु मुल्य अभिबृद्धी र बजारीकरण आदि विषयहरु समेटेको हुनुपर्ने । |

लोकनाथ ...
पशु विकास अधिकृत
कार्यालय प्रमुख

प्रस्ताव साथ सम्मिलित हुनु पर्ने कागजातहरु:

१. रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।
२. व्यक्तिगत भएमा रु. १०० र संस्थागत भएमा रु. २००।– को आवेदन दस्तुर।
३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
४. कार्यक्रम संचालनको लागी तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।
५. समुह/समिति/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी ।
६. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/व्यवसाय दर्ता/ नविकरण/ पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ताको प्रतिलिपी ।
८. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।
९. नियमावली तथा मापदण्डमा उल्लेख भए अनुसार माग भए बमोजिमका थप कागजातहरु ।

नोट: कार्ययोजनाको ढाँचा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुमबाट प्राप्त गर्न सक्नु हुनेछ ।

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि.कार्यालय प्रमुख